



राष्ट्रिय दैनिक

# पोखरापत्र

Pokharapatra National Daily



रू. १ मा
कलर भिजिटिङ कार्ड
साथै
तुरुन्त क्यालेण्डर पुस्तक,
स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्क:
०६१-५७०६५१, ९८५६०७५५७५



❑ वर्ष २२ ❑ अङ्क २३८ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०७८ भदौ २४ गते बिहीबार ❑ 9 Sept. 2021 ❑ पृष्ठ ४ ❑ मूल्य रू. २।-


## प्रतिनिधिसभाको बैठकमा एमालेको अवरोध

**रासस**
**काठमाडौं, २३ भदौ**

संघीय संसद्को नवौं अधिवेशन सुरु भएको छ । प्रतिनिधिसभाका सभामुख अग्निप्रसाद सापकोटाले बैठक आरम्भ भएपछि राष्ट्रपतिबाट अधिवेशन आह्वानसम्बन्धी पत्रको व्यहोरा पढेर अधिवेशन प्रारम्भका अवसरमा सांसदलाई स्वागत गरेपछि प्रमुख प्रतिपक्ष नेकपा (एमाले) का सांसदहरूले आफ्नो स्थानबाट उठेर अवरोध गरेका हुन् ।

सभामुख सापकोटाले पहिलो बैठकमा स्वागत गर्न नपाउँदै अवरोध नगर्न आग्रह गर्दै एमालेका प्रमुख सचेतक विशाल भट्टराईलाई बोल्न दिनुभयो । प्रमुख सतेचक भट्टराईले एमालेले कारबाहीका लागि सिफारिश गरेका १४ जना सांसदलाई कारबाही नगरेको भन्दै विरोध जनाउनुभयो । उहाँले विगतमा अन्य दलका कारबाहीको सिफारिशलाई तत्कालै सूचना प्रकाशन गरिएको तर एमालेको सिफारिशलाईविचाराधीनमाराखेरदल विभाजन भइसकेपछि कारबाही गर्न नपर्ने निर्णय गरेर भन्दै सदनको कारबाही चल्न नदिने घोषणा गर्नुभयो । सांसदहरूले विधिको शासन कायम गर्न, संसदीय सर्वोच्चता कायम गर्न माग गर्नुभयो ।

सभामुख सापकोटाले मुलुकको संविधान र कानून तथा संसद्को मर्यादा र परम्पराभन्दा बाहिर नजान आग्रह गर्दै आफूले प्रतिनिधिसभाको नियमावलीबमोजिम नै काम गरेको जिकिर गर्नुभयो । त्यसपछि सभामुख साकोटाले १५ मिनेटका लागि बैठक स्थगन गर्नुभयो । यसअघि बुधकार बसेको एमाले संसदीय दलको बैठकले सरकारले जारी गरेको अध्यादेशप्रति असहमति जनाउँदै त्यसको विरोधमा संसद बैठक अवरुद्ध गर्ने निर्णय गरेको थियो ।

बैठकमा सभामुखको अनुस्थितिमा बैठकमा अध्यक्षता गर्ने सदस्यको मनोनयन गर्ने, बैठकमा गृहमन्त्री बालकृष्ण खाँणले 'राजनीतिक दलसम्बन्धी (दोस्रो संशोधन) अध्यादेश, २०७८ पेश गर्नेलगायत सम्भावित कार्यसूची छ । यस्तै नेपाल नागरिकता (पहिलो संशोधन) अध्यादेश, २०७८', आर्थिक अध्यादेश, २०७८', विनियोजन अध्यादेश, २०७८, 'राष्ट्र ऋण उठाउने अध्यादेश, २०७८' ' शपथसम्बन्धी अध्यादेश, २०७८', 'रेल्वे सम्बन्धी अध्यादेश, २०७८', 'औषधि (तेस्रो संशोधन) अध्यादेश, २०७८'लाईस्वकृतिका लागि पेश गर्ने, 'कोभिड-१९ सङ्कट व्यवस्थापन अध्यादेश, २०७८', 'स्वास्थ्यकर्मी तथा स्वास्थ्य संस्थाको सुरक्षासम्बन्धी अध्यादेश, २०७८', 'सामाजिक सुरक्षासम्बन्धी (पहिलो संशोधन) अध्यादेश, २०७८' स्वीकृतिका लागि पेश गरिने कार्यसूची छ ।

## बजेट सुनिश्चित हुनासाथ योजनाहरुलाई निरन्तरता दिन्छौं: अर्थमन्त्री बराल

**पोखरापत्र संवाददाता**
**पोखरा, २३ भदौ**

गण्डकी प्रदेशका अर्थ मन्त्री रामजी प्रसाद बराल जीवनले बजेटको श्रोत सुनिश्चित हुने वित्तिकै क्रमागत योजनाहरुलाइ निरन्तरता दिने बताउनु भएको छ । बुधबार पोखरामा आयोजना भएको स्थानिय सरकारमा सार्वजनिक वित्त व्यबस्थापन सवाल, समस्या र अन्तर सरकार समन्वय प्रदेश स्तरिय अन्तरक्रिया कार्यक्रम वोल्दै अर्थ मन्त्री बरालले चालु आर्थिक बर्षमा बजेटको सुनिश्चित हुन साथ क्रमागत योजनालाई निरन्तरता दिने बताउनु भएको हो ।



मन्त्री बरालले भने "बजेटको श्रोत सुनिश्चित हुने वित्तिकै पहिलाका क्रमागत योजनाहरुलाई हामीले निरन्तरता दिन्छौं, कुनै पनि बहुबर्षीय योजना काटिएका छैनन, त्यसलाई अनुसुचिमा लगेर राखिएको छ ।" प्रदेश सरकारले चालु आर्थिक बर्षमा ल्याएको ३० अर्बको बजेट मध्य ६ अर्बको घाटा बजेट प्रस्तुतः गर्दा केही योजनाका बजेट सुनिश्चित नहुदा केही समस्या भएको मन्त्री बरालको भनाई थियो । २४ अर्ब जसो बजेट सुनिश्चित भएको उनको भनाई थियो । प्रदेशको पूंजि बृद्धि गर्न जनता बिचमा छरिएको धेरै बस्तुलाई संकलन गर्नुपर्ने उनले बताए । मन्त्री बरालले भने "प्रदेशमा लगानी सम्मेलन पनि गरौंला तर त्यस भन्दा पहिला आफ्नो पुंजि र श्रोत साधनको पहिचान सहित योजनाहरु छनौट गर्नुपर्छ ।" संघियतामा गाउँ गाउँमा सिंहदरवार पुऱ्याउने भने पनि व्यवहारमा त्यो अझै लागु गर्न कठिन भएको मन्त्री बरालको भनाई थियो । संघियता अझै पनि पूर्ण रुपमा कान्वयन हुन नसकेको बताएका मन्त्री बरालले संघियता हाल अभ्यासको क्रममा रहेको उल्लेख गरे । उनले भने "हामीले साच्चै संघियताको मर्मलाई ठिक ढंगले व्यवहारिक रुप दिन सकेनौं भने संघियतालाई कसरी फेल बनाउने भित्रि र बाहिर केही शक्ति लागेका ले उनीहरुलाई थप वल पुग्न सक्छ, यसमा सवै सजग हुनु पर्छ ।" संघियताको कान्वयनको संस्थापक आफुहरु रहेको मन्त्री बरालले दाबी गरे । उनले भने "सरकार कहिले कसको नेतृत्वमा बन्ला त्यो ठुलो कुरा होइन, पहिलो कुरा हाम्रो प्रणाली बचाउनु पर्छ ।" चालु आर्थिक बर्षका योजनाहरु कान्वयनमा जाने गरी अघि बढाउन आग्रह गर्दै मन्त्री बरालले योजना कान्वयन हुने सम्भावना नभएको खण्डमा अर्थ मन्त्रालयले समर्पण गराउने बताए । उनले केही योजनाहरु सरेण्डर गर्न नपरोस भन्दै यदि सरेण्डर गर्नु परेमा पछि नपर्ने चेतावनी समेत दिएका छन् । अर्थमन्त्रीले बजेट नबनाउदाको पिडा आफुले भोग्नु परेको उल्लेख गर्दै मन्त्री बरालले समन्वय, सहअस्तित्व र सहकार्य गर्दै तीन वटै सरकार बिच सम्बन्ध राम्रो हुनु पर्ने बताउनु भयो ।

गाउँ पालिका राष्ट्रिय महासंघ गण्डकी प्रदेशले आयोजना गरेको कार्यक्रमम वोल्दै प्रदेश निता योजना आयोगका उपाध्यक्ष डा. रघुराज काफ्लेले वित्तिय व्यबस्थापनमा पारदर्शीता आवश्यकता भएको बताए । विकासका कार्यक्रमलाई राजनीति रंग दिन नहुने उनको भनाई थियो । योजना छनौटमा बर्गीकरणको आधारमा स्पष्ट निती नै ल्याउने तयारी गरिएको उपाध्यक्ष डा. काफ्लेले जनाए । नेपाल नगरपालिका महासंघका केन्द्रिय सचिवालय सदस्य पदमपाणि शर्माले स्थानिय तहमा अन्य सरकारको तुलनामा कम बेरुजु रहेको दाबी गरे । सार्वजनिक खरिद अनुगमन कार्यालयका निर्देशक सुवासचन्द्र शिवाकोटीले स्थानिय सरकारमा सार्वजनिक वित्त व्यबस्थापन सवाल तथा समस्या र अन्तरक्रिया कार्यक्रममा आफ्नो प्रस्तुतीः राख्दै असारमा खर्च गर्ने प्रणालीलाई सुधार गर्नुपर्ने बताए । हरेक महिनामा खर्च र प्राप्तीको सन्तुलनका आधारमा योजना अघि बढाउनु पर्ने बताउदै उनले अन्य सरकारको तुलनामा स्थानिय सरकारमा कम बेरुजु रहेको जनाए ।

महासंघ गण्डकीका संयोजक इश्वर पाण्डेको अध्यक्षतामा सम्पन्न भएको कार्यक्रममा महासंघका केन्द्रिय सचिवालय सदस्य खिम बहादुर थापा, महासंघ गण्डकीका सहसंयोजक राजु पौडेल, महासंघका प्रदेश अधिकृत निता राउत, महासंघकी निती तथा कानुन अधिकृत गिता शीरीस लगायतले वोलेका थिए । कार्यक्रममा सहभागि पालिका प्रमुख तथा उप–प्रमुख एवं प्रशासकिय प्रमुख सहितका सहभागिहरुले स्थानिय सरकार बलियो नभएसम्म संघियता सफल कान्वयन नहुने दाबी गर्दै प्रयाप्त बजेटको माग गरेका थिए ।

## एमालेले हामीलाई कारबाही गर भन्नुको अर्थ छैन : अध्यक्ष नेपाल

**पोखरापत्र संवाददाता**
**पोखरा, २३ भदौ**

नेकपा (एकीकृत समाजवादी)का अध्यक्ष माधवकुमार नेपालले आफूहरूले संविधान र कानूनबमोजिम नै नयाँ दल दर्ता गरेको बताउनुभएको छ।

प्रतिनिधिसभाको बुधबारको बैठकबाट बाहिरिने क्रममा अध्यक्ष नेपालले दल विभाजन गर्न पाइने कानूनी व्यवस्था र सर्वोच्च अदालतको विगतको फैसलाको नजिरका आधारमा आफूहरू अघि बढेको जनाउनुभयो । बैठकमा प्रमुख प्रतिपक्ष नेकपा (एमाले)ले नेता नेपालसहितलाई गरिएको कारबाही सिफारिसको कार्यान्वयन नभएकामा विरोध गरेको सम्बन्धमा सोधिएको प्रश्नमा पूर्वप्रधानमन्त्री नेपालले भन्नुभयो, 'उहाँहरूले त्यस्ता कुरा उठाउनुको कुनै अर्थ छैन ।' उक्त दल राजनीतिक दलसम्बन्धी अध्यादेश, २०७८ बमोजिम एमालेबाट विभाजन भई यही भदौ ९ गते दर्ता भएको थियो ।

## पार्टी फुट गराउनु गलत हो: नेता पाण्डे

**पोखरापत्र संवाददाता**
**पोखरा, २३ भदौ**

नेपाल कम्युनिष्ट पार्टी (एमाले)का स्थायी कमिटी सदस्य सुरेन्द्र पाण्डेले पार्टी फुट गराउनु गलत भएको बताउनुभएको छ।

प्रेस चौतारी नेपाल कास्की शाखाद्वारा बुधबार यहाँ आयोजित पत्रकार सम्मेलनमा उहाँले सङ्घर्षको इतिहास बोकेको पार्टी मजबुद बनाएर लैजानुको साटो फुटको बाटो रोज्नु कसैका लागि पनि हित नहुने बताउनुभयो । पार्टीमा हुने वैचारिक मतभेद आपसी छलफल एवं अन्तर्क्रियाबाट समाधान गर्न पार्टी भित्रै अन्तरसङ्घर्ष गर्नुपर्ने अवस्थामा समग्र कम्युनिष्ट आन्दोलनलाई कमजोर पार्ने गरी फुटका अवस्थामा लगिएको उहाँको भनाइ छ । पार्टी एकता कार्यदलका सदस्यसमेत रहनुभएको नेता पाण्डेले भन्नुभयो, "पार्टी एकताका सम्बन्धमा माधव नेपाल समूहले नै अघि सारेका छ बुँदालाई नै समेट्दै १० बुँदे खाका तयार गरिएको हो जुन बुँदामा माओवादी केन्द्रबाट एमालेमा आएका नेता कार्यकर्तालाई पनि समेटेको छ । दश बुँदेलाई पनि आत्मसात् गर्न नसकी माधव नेपाल समूहले पार्टी फुटको अवस्थामा पुऱ्याएको छ ।"

पार्टीमा समयसापेक्षरुपमा युवा जनशक्ति आउनुपर्ने आवश्यकता औँल्याउँदै उहाँले समयको मागलाई आत्मसात् गर्नसक्ने नेतृत्व वर्तमानको आवश्यकता भएको बताउनुभयो । एकमना सरकारलेसमेत राज्यलाई सही निकास दिन अप्ठ्यारो परेको नेपालको वर्तमान अवस्थामा विभिन्न दल मिलेर बनेको गठबन्धन सरकारले समस्याको समाधान गर्न नसक्ने उहाँको भनाइ छ । एक प्रश्नको जवाफमा उहाँले भन्नुभयो, "एमसिसीको विषय यसअघि नै संसद्मा छलफल हुनुपर्नेमा जोड दिँदै उहाँले यसका गतल र सही पक्षबारे संसद्मै छिनोफानो गरी निष्कर्ष निकालेको भए अहिलेको अवस्था सिर्जना हुने थिएन ।"

प्रेस चौतारी कास्कीका अध्यक्ष अर्जुन गिरीको अध्यक्षतामा भएको कार्यत्रमममा सचिव राजाराम पौडेलले मुलुकको समसामयिक गतिविधि एवं यस क्षेत्रको पत्रकारिताको अवस्थाबारेमा जानकरी गराउनुभयो ।

## नदीजन्य सामग्री उत्खननको विरोधमा स्थानीयवासी

**पोखरापत्र संवाददाता**
**पोखरा, २३ भदौ**

कास्कीको दक्षिण-पूर्वस्थित पोखरा महानगरपालिका- ३२ को दक्षिण भाग, तनहुँको शुक्ला गण्डकी नगरपालिका-१ र २ तथा रुपा गाउँपालिका - ५ को पश्चिम भागको फुम्रे, ताल र खुदी खोलाको नदी तट र जलाधार क्षेत्रबाट नदीजन्य सामग्री उत्खनन गर्ने प्रयास भइरहेको भन्दै यहाँका स्थानीयवासीले विरोध गरेका छन् ।

यस वर्षदेखि ताल र खुदी खोलाको बगरबाट नदीजन्य सामग्री उत्खनन तथा बिक्रीवितरण गर्ने गरी पोखरा महानगरपालिकाबाट ठेक्कापट्टाका कार्य अघि बढाउन थालिएको भन्दै त्यसको जनस्तरबाट विरोध भएको हो । विगतदेखि नै उक्त जलाधारबाट प्रभावित पोखरा-३२ का ढोडबैंसी, मालेपाटन, मालमूल, तल्लो गगनगौँडा गाउँ, रुपा गाउँपालिकाको देउराली फेदी, सहेला गाउँ तथा शुक्लागण्डकीको सेराबैंसी, एक्लेखेत, कोत्रे गाउँ भूक्षय तथा खोलाको कटानलाई नियन्त्रण गर्न प्रयास गर्दै आएको भूक्षय जलाधार तथा वातावरण संरक्षण समितिले औपचारिक रुपमा नै सम्बन्धीत निकायमा पत्राचारसहित ध्यानाकर्षण गराएको अध्यक्ष शिवबहादुर थापाले जानकारी दिनुभयो ।

"यसै वर्षदेखि ताल, खुदी खोलाको बगरबाट नदीजन्य सामग्री उत्खनन र बिक्रीवितरण गर्ने गरी पोखरा महानगरपालिकाबाट ठेक्कापट्टाका काम अघि बढाउन खोजिएको भन्ने कुराले हामीलाई गम्भीर बनाएको छ", उहाँले भन्नुभयो, "नदीजन्य पदार्थ उत्खनन गर्दा जलाधारक्षेत्र छेउछाउका बस्ती अति जोखिममा परी बाढीपहिरोमा बग्ने निश्चित प्रायः छ।" समितिले यस सम्बन्धमा गण्डकी प्रदेश प्रमुखको कार्यालयसहित सम्बद्ध कास्की र तनहुँका जिल्ला प्रशासन कार्यालय, भूक्षय तथा जलाधार कार्यालय, सम्बन्धित नगरपालिका, प्रहरी कार्यालय आदिमा ध्यानाकर्षणसहित पत्राचार गरिसकेको समितिका सचिव विन्दुराज तिवारीले बताउनुभयो । यस जलाधार क्षेत्रकै संरक्षणका लागि २०६९ सालमा समिति गठन गरी त्यसयता जलाधार नियन्त्रण एवं संरक्षणका गतिविधिअघि बढाइएको समितिका संस्थापक अध्यक्ष कृष्णप्रसाद अधिकारीले बताउनुभयो । जलाधार क्षेत्रको नदीजन्य पदार्थ उत्खनन गर्दा चाँडै नै यस क्षेत्रका बस्ती सङ्कटमा पर्ने भएका कारण यसतर्फ सरोकारवाला निकायको तत्काल ध्यान पुग्नु जरुरी रहेको उहाँको भनाइ छ ।






## सत्तापक्ष र विपक्ष मिलेर सदन चलाउनुपर्ने आवश्यकता छ : प्रधानमन्त्री देउवा

**रासस**
**काठमाडौं, २३ भदौ**

प्रधानमन्त्री शेरबहादुर देउवाले सत्तापक्ष र विपक्षी सबै मिलेर सदन चलाउनुपर्ने आवश्यकता रहेकामा जोड दिनुभएको छ । बैठकमा उहाँले अन्तरवस्तुमा असहमति हुनसक्छ तर विधि, प्रक्रिया र प्रणालीमा सहमति गरेर अघि बढ्न तथा सदन सञ्चालनलाई सहज बनाउन भूमिका खेल्नका लागि सत्तागठबन्धनका नेताहरूलाई आग्रह गर्नुभएको थियो ।

प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय सिंहदरबारमा आज बसेको सत्ता गठबन्धन दलका शीर्ष नेताहरूले बैठकमा सदनमा अतिआवश्यक विधेयक विचारधिन भएकाले सत्तापक्ष र विपक्षी सबै मिलेर सदन चलाउनुपर्ने आवश्यकता रहेको बताउनुभएको हो । बुधबारदेखि सुरु सङ्घीय संसद्को बैठकअघि सदन सञ्चालन गर्ने विषयमा सो बैठक बसेको नेकपा (माओवादी केन्द्र) का नेता देव गुरुङले जानकारी दिनुभयो ।

# राष्ट्रिय जनगणना कात्तिक २५ देखि मंसिर ९ सम्म हुने

**रासस**
**काठमाडौं, २३ भदौ**

कोभिड-१९को सङ्क्रमण बढेसँगै सरकारले गत वैशाख १९ गतेदेखि बन्दाबन्दीको घोषणा गरेपछि स्थगित भएको राष्ट्रिय जनगणना २०७८ को मूल गणना कार्य आगामी कात्तिक २५ देखि मङ्सिर ९ सम्म हुने भएको छ।

पूर्वनिर्धारित कार्यक्रमअनुसार जनगणनाको मूल गणना कार्य २०७८ जेठ २५ देखि असार ८ सम्ममा सम्पन्न गर्ने कार्यक्रम रहेको थियो। प्रत्येक १० वर्षमा हुने राष्ट्रिय जनगणना यस वर्ष पाँच महिना ढिला गरी 'मेरो गणना, मेरो सहभागिता : राष्ट्रिय जनगणना २०७८' भन्ने नाराका साथ हुन गइरहेको छ।

कोभिड-१९ महामारीका कारण नेपाल सरकार मन्त्रिपरिषद्को गत वैशाख १९ गतेको निर्णयअनुसार स्थगन भएको राष्ट्रिय जनगणनाको कार्यक्रम पुनःसञ्चालन गर्न केन्द्रीय तथ्याङ्क विभागबाट तयार गरेको नयाँ कार्यतालिका मन्त्रिपरिषद्को गत भदौ २१ गतेको बैठकले स्वीकृत गरेको छ । कोभिड-१९को सङ्क्रमण दर निरन्तर कम भइरहेको, बन्दाबन्दीको अवस्था नरहेको तथा जनजीवन सामान्य अवस्थामा फर्किरहेकाले स्थगन भएको जनगणना सरकारले पुनःसञ्चालन गर्ने निर्णय गरेको हो । यस जनगणनामा ३९ हजार गणक तथा आठ हजार सुपरिवेक्षकले अनुमानित ७० लाख परिवार तथा तीन करोड जनसङ्ख्याको गणना १५ दिनको कार्य अवधिमा सम्पन्न गर्ने तयारी भएको आज विभागमा आयोजित पत्रकार सम्मेलनमा जानकारी दिइयो। विभागका महानिर्देशक नेबिनलाल श्रेष्ठले हालसम्म सात प्रदेश जनगणना कार्यालय तथा ८० वटा जिल्ला जनगणना कार्यालय सञ्चालनमा रहेको, ३४९ स्थानीय जनगणना कार्यालय स्थापना गर्ने क्रममा रहेको, जनगणनाका लागि एक हजार ७११ जना प्रशिक्षक तयार गरिएको जानकारी दिनुभयो। उहाँका अनुसार यही भदौ ३० देखि असोज १८ सम्म घरपरिवार सूचीकरण कार्य सम्पन्न गरी कात्तिक २५ देखि मङ्सिर ९ गतेसम्म मूल गणना कार्य सम्पन्न गर्न आवश्यक पर्ने सुपरिवेक्षक, गणकलगायत अन्य जनशक्ति व्यवस्थापन भइसक्नेछ।

राष्ट्रिय तथा अन्तर्राष्ट्रिय विकासका लक्ष्य मापन गर्न, आगामी २० वर्षका लागि जनसङ्ख्या प्रक्षेपण गर्न आदिका लागि पनि जनगणनाको तथ्याङ्क प्रयोग हुने हुँदा यसलाई सम्पन्न गराउनु सबैको कर्तव्य भएको राष्ट्रिय योजना आयोगका सचिव केवलप्रसाद भण्डारीले बताउनुभयो। देशमा बसोबास गर्ने विभिन्न जाति, भाषा, धर्म, क्षेत्र, वर्ग, लिङ्ग तथा उमेर समूहको अवस्था थाहा पाउनेदेखि उनीहरुको सामाजिक, आर्थिक तथा लैङ्गीक अवस्था कस्तो छ भन्ने बुझ्नका लागि पनि जनगणना गर्ने विश्वव्यापी प्रचलन रहेको छ। जनगणनाबाट प्राप्त तथ्याङ्कका आधारमा राज्यले आवश्यक नीति, योजना तथा कार्यक्रम तय गर्नेदेखि बनेका कार्यक्रमको अनुगमन/मूल्याङ्कन हुने गर्दछ। जनगणनाको तथ्याङ्ककै आधारमा निर्वाचन क्षेत्र निर्धारण हुने, प्रतिनिधिसभा तथा प्रदेशसभाको सदस्य सङ्ख्या यकीन हुने, केन्द्र सरकारबाट प्रदेश सरकार र स्थानीय तहसम्म स्रोत परिचालन गर्न, राज्यका विभिन्न तहमा विभिन्न जाति, भाषा, धर्म, क्षेत्र, वर्ग तथा लिङ्गका व्यक्तिको समानुपातिक प्रतिनिधित्व सुनिश्चित हुने भएकाले यसलाई निकै महत्वका साथ हेर्ने गरिन्छ। प्रत्येक घरमा पुग्ने गणकले विभिन्न ८० वटा प्रश्न सोध्नेछन् र यसका लागि करिब २० मिनेटसम्म समय लाग्नेछ । "कुनै ठाउँमा छ महिनाभन्दा बढी वसोवास गरेका नेपाली नागरिकको सोही ठाउँबाट गणना गरिने छ", महानिर्देशक श्रेष्ठले भन्नुभयो, "विदेशी कूटनीतिक नियोगमा कार्यरतदेखि वैदेशिक रोजगारीमा गएका र विदेशमा रहेका नेपालीलाई पनि गणनामा छुट्याइने छैन ।" प्रत्येक १० वर्षमा एकपटक हुने राष्ट्रिय जनगणना नेपालमा पहिलोपटक १९६८ सालमा भएको थियो । जनगणनाको १२ औं शृङ्खलासम्म आइपुग्दा पहिलोपटक २००८ सालमा स्थगित भई २००९ र २०११ सालमा गरिएको थियो भने कोरोना सङ्क्रमणका कारण यसपटक पाँच महिना ढिला हुन गएको छ।

# तनहुँमा पाँच दिनदेखि खानेपानी अवरुद्ध

**रासस**
**तनहुँ, २३ भदौ**

ब्यासनगरपालिका-१ स्थित भादगाउँ करादी खिरखाँदी खानेपानी तथा सरसफाइ उपभोक्ता समितिले वितरण गर्दै आएको पानी अवरुद्ध भएको पाँच दिन बित्दा पनि सञ्चालन हुन सकेको छैन।

स द र म ु का म दमौलीदेखि करिब १३ किलोमिटर दूरीमा पर्ने ब्यासनगरपालिका-१३ खिरखाँदीबाट ल्याएको खानेपानीको पाइप सोही वडास्थित धारापानीमा ठूलो पहिरा खस्दा अवरुद्ध भएकाले पानी सञ्चालन हुन नसकेको हो।

गत भदौ १७ र १८ गते दुई दिन परेको अविरल वर्षापछि उक्त स्थानमा डाँडो नै खसेर क्षति हुँदा अस्थायी रूपमा पानी सञ्चालन गर्न प्रयास भइरहेको समितिका व्यवस्थापक ईश्वर श्रेष्ठले जानकारी दिनुभयो । पहिराले क्षति भएको स्थानहरूमा पाइप जडान गर्ने कार्य गरिए पनि पानी नझरेकाले अझै मर्मत गर्नुपर्ने देखिएको उहाँले बताउनुभयो। पहिराले खानेपानीको पाइप बगाएर सेतीनदी किनारसम्म पुराएकाले पानी आपूर्तिमा कठिनाइ हो। डोजरले पनि पल्टाउन नसक्ने किसिमका ठूलाठूला ढुङ्गा थुपारेका कारण अस्थायी रूपमा भए पनि पोलिथिन पाइपको प्रयोग गरी पानी सञ्चालन गर्न प्रयास थालिएको हो। पहिराले खानेपानीको २०० एमएम ६५ मिटर जीआई पाइप बगाएर क्षति हुँदा करिब पाँच लाख बराबरको क्षति भएको खानेपानी संस्थाले जनाएको छ । उक्त खिरखाँदीको मुहानबाट ल्याइएको पानीको क्षमता प्रतिसेकेन्ड नौ लिटर क्षमता रहेकामा पहिराले बगाएर अवरुद्ध हुँदा पानी वितरणमा समस्या देखिएको छ। उक्त खानेपानी संस्थाले ब्यासनगरपालिका-१ र १२ वडाका करिब दुई हजार ५०० घरधुरीमा पानी वितरण गर्दै आएको समितिका सचिव राजेश्वर हड्खलेले बताउनुभयो । पहिराले क्षति बनाएपछि अस्थायी रूपमा पोलिथिन पाइप प्रयोग गरेर भए पनि चाँडो पानी सञ्चालन गर्न समितिले छलफल गरी निर्माण अघि बढाएको हो।

# इपिएलको खेल तालिका सार्वजनिक

**रासस**
**काठमाडौं, २३ भदौ**

सर्वाधिक पुरस्कार राशि भएको चौथो संस्करणको एभरेष्ट प्रिमियर लिग (इपिएल) टी-ट्वान्टी क्रिकेट प्रतियोगिताको खेल तालिका बुधबार सार्वजनिक गरिएको छ।

आगामी असोज ९ गतेदेखि सुरु हुने उक्त प्रतियोगिताको उद्घाटन खेलमा साविक विजेता ललितपुर प्याट्रियट्स र काठमाडौं किङ्गस ११ बीच हुने आयोजक इपिएल प्रालिले जनाएको छ।

विभिन्न सहरका छ फ्रेन्चाइज टोलीको सहभागितामा हुने उक्त प्रतियोगिताअन्तर्गत असोज १० गते हुने दोस्रो खेलमा विराटनगर वारियर्स र चितवन टाइगरले प्रतिस्पर्धा गर्नेछन् । त्यही दिन अर्को खेल गत संस्करणको उपविजेता भैरहवा ग्लाडिएटर्स र पोखरा राइनोजबीच हुनेछ । असोज २३ गतेसम्म चल्ने उक्त प्रतियोगिताको विजेता टोलीले रु ५० लाख तथा उपविजेताले रु १५ लाख प्राप्त गर्नेछन् । खेल कीर्तिपुर स्थित त्रिवि अन्तर्राष्ट्रिय क्रिकेट मैदानमा हुनेछ।

# बागलुङ र पर्वत जोड्ने झोलुङ्गो पुललाई 'गण्डकी गोल्डेन ब्रिज' नामाकरण

**पोखरापत्र संवाददाता**
**बागलुङ, २३ भदौ**



सिङ्गल स्पान प्रविधिमा विश्वकै लामो बागलुङ र पर्वत जोड्ने झोलुङ्गे पुललाई 'गण्डकी गोल्डेन ब्रिज' अर्थात गण्डकी सुनौलो झुला नामकरण गरिएको छ।

पुलको संरक्षणकर्ताका रुपमा रहेको बागलुङ नगरपालिकाको कार्यपालिका बैठकले बाङ्गेचौरबाट पर्वतको अदुवाबारी जोड्ने झोलुङ्गे पुललाई गण्डकी गोल्डेन ब्रिज नामकरण गरेको हो । अङ्ग्रजी र नेपाली दुवै भाषाको नाम स्वीकृत भएको नगरप्रमुख जनकराज पौडेलले बताउनुभयो।

पुलको नयाँ नामसँगै जिल्लामा पर्यटन भित्र्याउन सहयोग पुग्ने नगरपालिकाको विश्वास छ। पुलको उद्घाटन गरेर पुलको नामकरणका लागि नगरपालिकाले आवेदन माग गरेको थियो । पुलको उत्कृष्ट नाम छनोटमा पर्नेलाई रु २५ हजार राशिको पुरस्कारसमेत घोषणा गरेको बागलुङ नगरपालिकाले सो पुललाई 'गण्डकी गोल्डेन ब्रिज' र नेपालीमा 'गण्डकी सुनौलो झुला' नामकरण गरेको बागलुङ नगरपालिका नगर प्रमुख जनकराज पौडेलले जानकारी दिनुभयो। पुलका लागि धेरैले नाम सिफारिस गरे पनि नगरपालिकाको कार्यपालिकामा उत्कृष्ट १० नाम सिफारिस गरेकामा 'गण्डकी गोल्डेन ब्रिज' नाम स्वीकृत भएको हो। उक्त पुलको नाम बानपा-५ मालिका निवासी निजामती सेवामा कार्यरत घनश्याम सापकोटाले गर्नुभएको हो । बागलुङ नगरपालिका-१ रामरेखादेखि पर्वत जिल्लाको कुस्मा नगरपालिका-१ अदुवाबारी जोड्ने कालीगण्डकी नदीमाथि निर्माण गरिएको ५६७ मिटरको सो पुल नगरपालिकाले विश्वकै लामो दाबी गर्दै गिनिज बुकमा दर्ता गराउन निवेदन दिएको छ।

# १,६४० संक्रमित थपिए, १० को मृत्यु

**रासस**
**काठमाडौं, २३ भदौ**

देशभर बुधबार एक हजार ६४० जनामा कोरोना भाइरस सङ्क्रमण पुष्टि भएको छ। स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयले सार्वजनिक गरेको तथ्याङ्कानुसार विगत २४ घण्टामा १३ हजार ४५५ मा परीक्षण गर्दा सो सङ्ख्यामा सङ्क्रमण देखिएको हो।

सक्रिय सङ्क्रमित २९ हजार ४७९ छन्। पाँच सयभन्दा बढी सक्रिय सङ्क्रमित भएका जिल्ला १७ छन्। आज दुई हजार १६१ जना सङ्क्रमणमुक्त भएका छन्। हालसम्म सात लाख ३३ हजार १६१ जना सङ्क्रमणमुक्त भएका छन्।

सो अवधिमा १० जनाको मृत्यु भएको छ। यस अवधिसम्म १० हजार ८८९ जनाको सङ्क्रमणबाट ज्यान गएको छ । नेपालमा प्रति दश लाखमा ३६७ जनाको सङ्क्रमणका कारण मृत्यु भएको मन्त्रालयले जनाएको छ।





# एमसिसीका उपाध्यक्ष, नायब उपाध्यक्ष आउँदै

**रासस**
**काठमाडौं, २३ भदौ**

अमेरिकाको सरकारी निकाय मिलेनियम च्यालेञ्ज कर्पोरेशन (एमसिसी) उपाध्यक्ष फतेमा सुमार र नायब उपाध्यक्ष जोनाथन ब्रुक्स नेपालको चारदिने भ्रमणमा बिहीबार बिहान कतारबाट काठमाडौं आउँदै हुनुहुन्छ।

नेपालको गरिबी घटाउन तथा दिगो सामाजिक-आर्थिक विकासका लागि चार वर्षअघि भदौमा नेपाल सरकार र अमेरिकाको सरकारी निकाय मिलेनियम च्यालेञ्ज कर्पोरेशन (एमसिसी)बीच मिलेनियम च्यालेञ्ज सम्झौता (कम्प्याक्ट)मा द्विपक्षीय सम्झौता भएपछि एमसिसीबाट यो तहमा पहिलोपटक भएको भ्रमणलाई चासो र महत्वका साथ हेरिएको छ । अमेरिकी सरकारका तर्फबाट एमसिसी र नेपालका तर्फबाट अर्थ मन्त्रालयबीच सम्झौता भएको हो । सडक सञ्जाल, विद्युत् प्रसारण लाइन निर्माणलगायत नेपालको भौतिक पूर्वाधार विकासका आयोजना कार्यान्वयनका निम्ति अनुदानस्वरूप अमेरिकाबाट प्राप्त हुने रु ५० अर्ब सहयोगलाई लिएर राजनीतिक वृत्तका साथै जनस्तरमा मतान्तर रहेका बेला हुन लागेको यो भ्रमणलाई चासोका साथ हेरिएको हो। यद्यपि उहाँहरू एमसिसी परियोजनाका प्रक्रियागत प्रगतिबारे जानकारी लिन नेपाल आउन लाग्नुभएको हो । अघिल्लो सरकारले एमसिसी सहयोगमा सञ्चालन हुने आयोजनालाई राष्ट्रिय गौरवको आयोजनाका रूपमा मान्यता दिएको उक्त परियोजनाअन्तर्गत वातावरणीय प्रभाव मूल्याङ्कनको स्वीकृति दिनाका साथै जग्गा अधिग्रहण र सीमापार प्रसारण लाइन निर्माणलाई प्राथमिकता दिएर तदनुरुप काम अघि बढाएको थियो । नेपालको आर्थिक विकास र गरिबी निवारण प्रवर्द्धनको साझा लक्ष्यका साथ सम्झौता भएको परियोजनामा ४०० किलोभोल्ट क्षमताको ३१८ किलोमिटर लामो प्रसारण लाइन एवं तीन उच्च क्षमतायुक्त सबस्टेशन निर्माणमा केन्द्रित विद्युत् प्रसारण आयोजना र बढीमा ३०० किलोमिटर रणनीतिक सडकको मर्मतसम्भारका विषय समावेश गरिएको छ । नेपालमा रहँदा उपाध्यक्ष सुमार नेतृत्वको प्रतिनिधिमण्डलले प्रधानमन्त्री शेरबहादुर देउवा, अर्थमन्त्री जनार्दन शर्मा र ऊर्जा, जलस्रोत तथा सिँचाइमन्त्री पम्फा भुसालसँग बेग्लाबेग्लै भेटवार्ता गर्ने कार्यक्रम रहेको अर्थ मन्त्रालयले जनाएको छ।

कपालको उपचार
कपाल झर्न तुरुन्त रोक्ने तथा उमार्ने
के तपाई कपाल झरेर चिन्तित हुनुहुन्छ ?
● कपाल कोर्दा, नुहाउदाँ समेत सय भन्दा वढी नियमित झरिहेको छ,
● चिसो समयमा कपालका समस्याहरु बढ्न सक्छन्
● कपालको वीच वीचमा टाटुपरेर झरेको छ, कपाल चिलाउने, चाँया पर्ने, चिसोको समयमा चाँया पर्ने, कपाल झर्ने तथा टाउकोमा घाउ खटिरा आउने जस्ता समस्या छन् ।
● कपाल झरेको कारणले झुसिलो, पातलो, छोटो भएको छ, कपाल समय अगाबै फुल्ने, टाउकोको अगाडिको भाग झर्ने, दाढी झर्ने, अनावश्यक रौं पलाउने भएको छ। यदि यस्ता समस्या तथा कपालका कुनैपनि समस्या भएका छन् भने एक पटक सम्पर्क राखी स्वास्थ्य लाभ लिनुहोला ।

सम्पर्कः पञ्चम आयुर्वेद क्लिनिक प्रा. लि.
पोखरा-१०, इन्द्रमार्ग, पोखरा रंगशाला नजिकै
फोन नं. ०६१-४३२२४२, ९८४६०६८८०६

के तपाईमा यौनसम्बन्धी समस्या छ
पुरुषमा देखिने:
शिघ्रपतन, यौन सन्तुष्टी नहुने, यौन चाहना नहुने, लिङग उत्तेजना नहुने, लिङ चिलाउने, सरूवा यौन रोग, स्वप्नदोष, लिङगको आकार सानो हुने आदि ।
महिलाहरुमा देखिने:
स्तन सानो गिलो हुने, सेतो पानी बग्ने, योनी चिलाउने, तल्लो पेट दुख्ने, ढाड दुख्ने, महिनाबारीमा गडवडी, यौन सन्तुष्टिमा कमी हुने आदि ।
सुन्दरता : अनुहारका सबै किसिमका दाग, डण्डीफोर कालोपोतो, अनावश्यक कोठी वा फोकाहरु, दुवी, सेता दुवी, साथै अन्य चर्मरोगहरु ।
मलद्वार सम्वन्धी रोग : छारसुत्रद्वार पायल्स, फिस्टुला, फिसरको सफल उपचारका साथै मलद्वारमा मासु पलाएको, दिसा बस्दा गाह्रो हुने, मलद्वार दुख्ने, पोल्ने, दिसासँग रगत बग्ने आदि समस्याहरूको सफल उपचार गरिन्छ।
महिला वा पुरूषमा हुने (बाझोपन) नि:सन्तानपनको सफल उपचार
जाँच्ने समय: प्रत्येक दिन बिहान ९:०० बजेदेखि बेलुकी ५:०० बजेसम्म
सम्पर्क स्थान :
माता मनकामना आर्युर्बेद क्लिनीक प्रा.लि.
नयाँबजार पोखरा (न्यू विवेक आयल स्टोर्सको घरमा)
फोन ०६१- ५८९१९४, ९८४४३११९०६, ९८४६०४११३१
नोट : नयाँ तथा पुराना बिरामीहरुले यथाशीघ्र सम्पर्क गर्नुहोला।

फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्ध निर्देशकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E–mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com, Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

**सुक्तिसुधा**

कल्पनाले विश्वमाथि शासन गर्दछ । – नेपोलियन

## सम्पादकीय

# महिलाको महान चाड तीज

केही वर्षअघि नेपालमा हिन्दु महिलाहरुले मनाउने हरितालिका (तीज) पछिल्लो समय नेपाली महिलाहरुको साझा चाडमा बिकास हुँदै गइरहेको छ। हिमालय पर्वतकी छोरी पार्वतीले महादेव पति पाउँ भनी व्रत बसेको दिनलाई तीज हरितालिका मनाउन थालिएको किंवदन्ती रहँदै आएको छ। विवाहीता महिलाले पतिको दिर्घायूको कामना गर्दै ब्रत बस्ने र विवाह नभएकाले सुयोग्य वर पाउँ भनी व्रत बस्ने गरिएको तीज अहिले महिलाहरुले आफ्नो अधिकारको रुपमा लिन थालेका छन् । समय अनुसार तीज फेरिदै गएको छ । सबैले महिलालाई दर खुवाउने र विभिन्न क्षेत्रमा योगदान दिएका महिलाई सम्मान गर्न थालेका छन् । त्यही भएर तीजको महत्व झन् बढ्दै गएको छ । तीजलाई महिलाहरु माथि भएका भेदभाव र अन्यायका विरुद्ध गीतको माध्यमबाट आवाज उठाउने चाडको रुपमा पनि लिने गरिएको छ । पछिल्लो समय महिला अधिकारका पक्षमा तीजका माध्यमबाट महिलाहरु संगठित गर्ने कामसंगै महिलाहरु पनि आर्थिक रुपले सम्पन्न हुदै गएका छन् भन्ने सन्देश दिन भोजभतेर, गहना र कपडाको प्रदर्शन गर्ने अवसर पनि बन्दै गएको छ।

तीज सांस्कृतिक पर्व भन्दा व्यावसायिक बन्दै गएको छ । नेपाली महिलाहरुले मनाउँदै आएको हरितालिका तीज पछिल्लो समय व्यापारतर्फ उन्मुख भएको छ । तीज आउनु भन्दा धेरै अगाडिदेखि होटल, पार्टी प्यालेस र रेष्टुराँहरुमा गएर मनाउने चलन बढेर गएको छ। शहरबजारमा तीज आउनु भन्दा धेरै अगाडि महंगा पहिरन सकि नसकि किन्नुपर्ने, सारी, गहना देखाएर मनाउने चलन बढेको छ। भिडियो बनाउने, टिकटक बनाउने, यू ट्यूवमा भिअर्स बढाउनेले कमाउने मौका पाएका छन् । उत्पादकहरुले आफ्ना वस्तु विक्रीको माध्यम तीज बनाउन थालेका छन् । तीजलाई मौलिक साँस्कृतिक पर्व बनाउन लाग्नुपर्नेहरु नै होटल, रेष्टुराँ पार्टी प्यालेसहरुमा बोलाएर भोज भतेर गराउने गरेका छन् । तीजमा महिला दिदीबहिनीहरुलाई माइत बोलाएर दर खुवाउने चलन हो। दिदीबहिनीहरु माइतमा भेट भएर सुख दुःखका कुरा साटासाट गर्ने अधिकारका बारेमा सचेत पार्ने बेला पनि हो । कुन संस्थाले सम्झ्यो, कुन संस्थाले सम्मान गर्यो भन्ने रुपमा हेर्न थालिएको छ । अरुबाट प्रायोजन गरेर आ आफ्नो संस्थाले दर खुवाएको र महिलालाई सम्मान गरेको नाटक मञ्चन गर्न थालेका छन् ।

तीजमा महिलालाई सम्मान गर्ने, महिला अधिकारको कुरा गर्ने र प्रोत्साहन गर्नेहरु आफ्नै संस्थामा नेतृत्व दावी गर्दा खुट्टा तान्ने, मर्यादा नगर्ने प्रबृत्ति हटाउने वाचा गर्नुपर्ने वेला आएको छ। तीजका अवसरमा गरिएका गतिविधि देखावटी होइन भन्ने देखाउन ब्यवहारिक रुपमा समान अधिकार, समान सहभागिता, महिला अधिकार र असमानता हटाउन लाग्नु पर्दछ। नेपाली महिलाहरुको सांस्कृतिक पर्व तीजलाई विकृति र विसंगति हुन नदिन महिला अधिकारवादी र महिला संघ संगठनहरु लाग्नुपर्दछ। चाडपर्वलाई सबैले सहजरुपमा मनाउन सक्ने अवस्था हट्दै गएको छ। चाडपर्व महंगो र भड्किलो बन्दै गएको छ । तीजलाई महिलामाथी हुने भेदभाव र कुसंस्कार विरुद्ध अधिकार प्राप्ति र दिदीबहिनीहरु बिचको मिलनको चाडको रुपमा विकास गर्न आवश्यक छ । नेपालमा महिलाहरु राजनीतिक रुपमले जति सचेत छन् त्यसको प्रयोग व्यवहारिक रुपमा आउन सकेको छैन ।

संघ, प्रदेश र स्थानीय तहमा महिलाको प्रतिनिधत्व एक तिहाई छ । स्थानीय तहमा महिला प्रतिनिधित्व ४० प्रतिशत पुगेको छ । उनीहरुलाई क्षमता अभिवृद्धि तालिम दिने र आर्थिक रुपले सवल बन्न सके वास्तविक रुपमा महिला अधिकार सम्पन्न हुन्छन् । चाड पर्वको अवसरमा महिलालाई सचेत बनाउने र उनीहरुलाई पुरुषको अधिनमा रहनुपर्छ भन्ने सोच राख्ने विरुद्ध जुध्न सक्ने बनाउन सकेमा मात्र महिला ससक्तिकरण हुन सक्छ। महिलाहरूको महान चाड तीजको अवसरमा देशविदेशमा रहेका सम्पूर्ण महिलाहरुलाई हार्दिक शुभकामना।


## तपाईको आज

| | | | |
|---|---|---|---|
| मेष | : सम्मान मिल्नेछ | तुला | : झमेला बढ्ने |
| वृष | : मानसिक तनाब | वृश्चिक | : ब्यापारमा लाभ |
| मिथुन | : कार्यमा सफलता | धनु | : मन चञ्चल |
| कर्कट | : अप्रत्यसित लाभ | मकर | : शारीरिक झमेला |
| सिंह | : आर्थिक समस्या | कुम्भ | : शत्रुको भय |
| कन्या | : सत्कार मिल्नेछ | मीन | : सहयोग मिल्नेछ |

**हरिसिद्धि भविश्यवाणी केन्द्र**

पोखरा-१६, जोगिमणीमार्ग, मोबाइलः ९८५६०२०५८६

चिना, टिप, हस्तरेखा,आखत,माटो हेर्नका लागि सम्झनुहोस् ।


# सडक अवरुद्ध हुँदा समस्या

**पोखरापत्र संवाददाता**
**पर्वत, २३ भदौ**

धौलागिरि क्षेत्रका चार जिल्ला भित्रने मुख्य सडक विगत छ दिनदेखि अवरुद्ध छ। सडक अवरुद्ध हुँदा चार जिल्लामा भित्रने सबैजसो सामग्री बीचबाटोमै अलपत्र परेका छन् । सडक अवरुद्ध भएसँगै पर्वतसहितका धौलागिरि क्षेत्रका चार जिल्लाको स्वास्थ्य क्षेत्रमा समस्या देखिने भएको छ।

कोभिड-१९ रोगको उपचारका लागि अत्यावश्यक मानिएको अक्सिजन ल्याउन अस्पतालमा समस्या परेको छ। पर्वत अस्पतालका अनुसार बाँकी अक्सिजन रित्तिदै जाने र अक्सिजन ल्याउन समस्या परेको छ । मुख्य सडक अवरुद्ध भएसँगै अक्सिनजको अभाव हुन नदिन अस्पतालले वैकल्पिक सडक प्रयोग गरेको छ । पर्वतको कुश्मादेखि भ्याप्लेसम्मको सडक खुले पनि भ्याप्ले खण्डमा ठूलो पहिरो गएका कारण सवारी आगमन अवरुद्ध छ । अक्सिजन पोखराबाट पर्वतमा आउँछ । अक्सिजनका सिलिण्डर कोभिड बिरामीको उपचार गर्दा रित्तिदै गएपछि कार्किनेटा-नौडाँडा सडक प्रयोग गरेर अक्सिजन ल्याउने तयारी भएको पर्वत अस्पताल विकास समितिका अध्यक्ष गोविन्द पहाडीले जानकारी दिनुभयो।

कोभिड-१९ रोगको उपचार गरिरहेको अस्पतालमा अहिले पनि कोभिड रोगका बिरामी उपचाररत छन् । पर्वतबाहेक म्याग्दी बागलुङमा पनि कोभिड रोगको उपचाररत बिरामी छन् । उनीहरुको उपचारका लागि पोखराबाट ल्याइने गरिएको अक्सिजन सडक अवरुद्ध हुँदा आउन सकेको छैन। अक्सिजन प्लान्टबाट हुने उत्पादनमात्र पर्याप्त नहुने हुँदा अक्सिजन सिलिण्डर ल्याउनुपर्ने अवस्था रहेको पहाडीले बताउनुभयो। अस्पतालले वैकल्पिक विधिमार्फत अक्सिजनको आपूर्ति गर्ने गरी तयारी गरे पनि यता सडक भने अझै केही समय नखुल्ने देखिएको छ । भ्याप्लेको पहिरो हटाउनका लागि बम विस्फोट गरिए पनि विस्फोट प्रभावकारी नभएको सुरक्षा प्रहरीले जनाएको छ । थप विस्फोटमार्फत पहिरो हटाउने गरी काम भइरहेको मध्यपहाडी लोकमार्ग आयोजना कार्यालय पर्वतले जनाएको छ।

# पहिरापीडित परिवारलाई राहत वितरण

**पोखरापत्र संवाददाता**
**पर्वत, २३ भदौ**

पर्वतमा पहिरामा पुरिएर ज्यान गुमाएका पीडित परिवारलाई गण्डकी प्रदेश सरकारले राहत वितरण गरेको छ।

यही भदौ १७ गते गएको पहिरामा पुरिएर एकैरातमा ११ जनाको ज्यान गएको थियो । उनीहरुलाई जनही रु ५० हजारका दरले रु पाँच लाख ५० हजार राहत वितरण गरिएको हो । गण्डकी प्रदेशका ऊर्जा जलस्रोत तथा खानेपानीमन्त्री हरिशरण आचार्यको टोलीले आज बिहान घटनास्थलमै पुगेर पीडित परिवारलाई राहत वितरण गर्नुभएको हो । पहिरामा पुरिएर कुश्मा नगरपालिका-३ दुर्लुङमा एकै घरका पाँच जना, कुश्मा नगरपालिका-११ मा छुट्टाछुट्टै स्थानमा गएको पहिरामा पाँच जना र मोदी गाउँपालिका-५ आम्बोटमा एक जनाको ज्यान गएको थियो। मन्त्री आचार्यसहितको टोलीले पहिरा प्रभावितको गुनासोसमेत सङ्कलन गरेको छ। राहत हस्तान्तरण गर्दै मन्त्री आचार्यले पहाडी भूगोल जलवायु अनुकूलन विकासको अवधारणाअनुसार विकासका पूर्वाधारको काम नहुँदा वर्षेनी ठूलो धनजनको क्षति बेहोर्नु परेको बताउँदै नीतिगतरुपमै जलवायु अनुकूल विकास गर्नुपर्ने बताउनुभयो। गण्डकी प्रदेशका ११ जिल्लामध्ये पर्वतको कुस्मा नगरपालिका-३ दुर्लुङ र वडा नं ११ पकुवालगायत विभिन्न ठाउँमा भदौ १७ र १८ गतेको वर्षात्का कारण धेरै धनजनको क्षती पुगेको बताइएको छ।

# बेँसीशहर-चामे सडकखण्ड मर्मतमा ढिलाइ

**रासस**
**मनाङ, २३ भदौ**

अवरुद्ध भएको तीन महिना पुग्दा पनि मनाङ जोड्ने सडकखण्ड पुनःनिर्माण तथा मर्मतमा ढिलाइ भएको छ। गत जेठ १४ र असार १ मा आएको बाढीपहिराले उक्त सडकखण्डको धेरै ठाउँमा क्षति पुगेको छ।

सदरमुकाम चामे बजार नै बाढीको जोखिम छ । अत्यधिक वर्षा हुँदा यसवर्ष बाढीबाट धेरै क्षति भएको छ । बाढीका कारण स्थानीयवासीको उठिबास भएको छ भने विभिन्न पूर्वाधार बगाएको छ । बाढीले सदरमुकामस्थित मर्स्याङ्दी नदीमाथिको पुल बगाउँदा हिँडडुल गर्न समेत समस्या भएको छ । बाढीबाट पुऱ्याएको क्षति हेरेर सरकारले विपद् सङ्कटग्रस्त जिल्ला घोषणा गरेको छ। स्थानीयवासीलाई राहत उपलब्ध गराउन तथा पूर्वाधार निर्माण गर्न समस्या भएको छ।

बेँसीशहर चामे सडक मर्मतका लागि डुम्रे-बेँसीशहर-चामे सडक योजना कार्यालयले सूचना जारी गर्दै बोलपत्र आह्वान गरेको छ। सडक मर्मत गर्न रु एक करोड ९२ लाख खर्च हुने कार्यालयका इन्जिनियर सुमन अधिकारीले जानकारी दिनुभयो । साउन अन्तिममा सूचना जारी गरेपछि उत्तरगया कन्स्ट्रक्सनले ५५ प्रतिशत घटेर भ्याटसहित रु ९१ लाखमा काम गर्ने जिम्मा लिएको छ । असोजसम्म मर्मतको काम सक्नेगरी ठेकेदारसँग सम्झौता भएको हो । अहिलेसम्म कामको प्रगति हुन सकेको छैन । नासों गाउँपालिका-३ खोत्रोदेखि तिमाङसम्मको सडक खण्डमा सबैभन्दा बढी क्षति भएको छ। उक्त सडकखण्डमा ठेकेदार काम नगरेको वडाध्यक्ष मीनबहादुर गुरुङ बताउनुहुन्छ । "मर्मतको काम केही भएको छैन," उहाँले भन्नुभयो। सडक पूर्णरुपमा अवरुद्ध भएकाले बेँसीशहर-मनाङम्म खण्डमा सवारीसाधन चल्न सकेका छैनन्। यातायात ठप्प भएपछि खाद्यान्नलगायत अत्यावश्यक सामग्री ढुवानी गर्न सकिएको छैन्।

"खच्चड र भरियाको भरमा सामान ढुवानी गर्नुपरिरहेको छ। त्यही पनि सहज छैन। बाढी पहिरोको जोखिम छ," नासों गाउँपालिकाका अध्यक्ष चन्द्र घलेले भन्नुभयो, "सकड मर्मतको काममा ढिला हुँदा जनजीवन प्रभावित बनेको छ।" समयमै सडक मर्मत नुहँदा खाद्यान्न सङ्कट हुने अवस्था छ । सडक मर्मतका लागि ठेक्का लगाएपनि काम भए/नभएको हेर्ने कुनै निकाय छैन । बाढीपहिराबाट पुगेको क्षतिको गण्डकी प्रदेशका मुख्यमन्त्री कृष्णचन्द्र पोखरेल नेपालीले हालै निरीक्षण गर्नुभएको थियो । स्थानीयवासी राम गुरुङ भन्नुहुन्छ, "सडक छिटो बनाउनुपर्छ भन्नेतर्फ कसैको चासो छैन । सडक सञ्जाल नहुँदा आवतजावत मात्रै होइन विकास निर्माण र भौतिक संरचना निर्माणका सामग्री ल्याउन सकिएको छैन। कसले बुझिदिने होला खै ?" कम मूल्यमा ठेक्का लगाउने र काम नगर्ने प्रवृत्तिले सडक मर्मतमा ढिलाइ भएको स्थानीयवासीको गुनासो छ।

# करिब चार महिनापछि खुल्यो गोरखाको मनकामना मन्दिर

**पोखरापत्र संवाददाता**
**गोरखा, २३ भदौ**

नेपालको प्रसिद्ध धार्मिक गन्तव्यका रूपमा चिनिने गोरखाको मनकामना मन्दिर करिब चार महिनापछि आजदेखि खुलेको छ।

कोभिड-१९ को सङ्क्रमणको जोखिमका कारण गत वैशाख २३ गतेदेखि पूजाआजा गर्न रोक लगाइएको मनकामना मन्दिर भक्तजनका लागि पूजा गर्न खुल्ला गरिएको मन्दिरका मूलपुजारी इन्सानबहादुर थापामगरले जानकारी दिनुभयो।

मनकामना क्षेत्र विकास समितिले मन्दिरमा सरकारले तोकेको स्वास्थ्य मापदण्डको पालना गर्ने गरी सर्वसाधारणका लागिसमेत पूजाआजा गर्न मन्दिर खोल्ने निर्णय गरेसँगै आजदेखि मन्दिर सर्वसाधारणका लागि खुल्ला गरिएको उहाँले बताउनुभयो । "आज बिहान नियमितरूपमा गरिने नृत्यपूजा गरेर सर्वसाधारणलाई पनि पूजाआजाका लागि मन्दिरमा प्रवेश गराइएको छ, मूलपुजारी थापाले भन्नुभयो, "पुजारी र भक्तजनको स्वास्थ्य सुरक्षालाई ध्यानमा राखेर तत्कालका लागि मन्दिर बाहिरको झ्यालबाट पूजा सामग्री पुजारीलाई दिने गरी व्यवस्था मिलाइएको छ।"

मन्दिरमा भाकल बुझाउन आउने भक्तजनका लागि बलि दिने स्थानमा समेत छुट्टै पुजारीको व्यवस्था मिलाइको उहाँले बताउनुभयो । चार महिनापछि मन्दिर खुल्ला भएको पहिलो दिनमै सयौं भक्तजन पूजापाठका लागि आएको मूलपुजारी थापाले जानकारी दिनुभयो । मन्दिरमा पुग्ने भक्तजनले अनिवार्य मास्कको प्रयोग गर्नुपर्ने, सामाजिक दूरी कायम गर्नुपर्नेलगायतका व्यवस्थासमेत गरिएको उहाँको भनाइ छ।


आयो टप्प टिप्यो लग्यो मिति पुग्यो, टारेर टर्दैन त्यो ।
इन्द्रै विन्ति गरुन् झुकेर पदमा, त्यो विन्ति मान्दैन त्यो ॥

## हार्दिक समवेदना



जन्मः
वि.स. १९८८/०४/३० गते

स्वर्गारोहणः
वि.स. २०७८/०३/२९ गते

**स्वः सु. मनविर गुरुङ**

साविक मौजा गा.वि.स. लामडाँडा गाँउ, वडा नं. ६ हाल पोखरा महानगरपालिका वडा नं. २०, घर भई कमलपोखरी मार्ग टोल विकास संस्था, पोखरा-१३, मा बसोबास गर्दै आउनु भएका यस संस्थाका सदस्य **सु. मनविर गुरुङ** ९० वर्षको उमेरमा असामयीक निधन भएको आज पितृकार्यको अवसरमा दिवंगत आत्माको चिरशान्तिको कामना गर्दै हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछौँ । साथै शोकसन्तप्त परिवारजनप्रति धैर्यधारण गर्ने शक्ति भगवानले प्रदान गरुन् भनी कामना गर्दै हार्दिक समवेदना व्यक्त गर्दछौँ।

**सु. ईन्द्रबहादुर गुरुङ**
**अध्यक्ष एवं**
**कमलपोखरी मार्ग टोल विकास संस्था परिवार**
**पोखरा-१३**

जन्म एउटै कर्म एउटै बाटो एउटै रहेछ ।
सबै जना विलिन हुने माटो एउटै रहेछ ॥

## हार्दिक समवेदना



जन्मः
वि. स. १९८८ साउन ३० गते

स्वर्गारोहणः
वि.स. २०७८ असार २९ गते

**स्व. सु. मनवीर गुरुङ**

कास्की जिल्ला साविकको मौजा गा.वि.स. ६ तथा पोखरा महानगरपालिका वडा नं. २० लामडाँडा पुरानो घर भई हाल पोखरा महानगरपालिका वडा नं. १३ कमल पोखरी मार्ग निवासी **4/4th** गोर्खा राईफल्स्बाट सेवा निवृत तथा यस **1/4th** गोर्खा राईफल्स (जेठी) भू.पू. सैनिक संघ पोखराका सदस्य स्व. सु. उतर सिंह गुरुङका पुजनीय पिता तथा श्रीमती पूर्ण कुमारी गुरुङको ससुराबाबा **सु. मनवीर गुरुङ** को ९० वर्षको उमेरमा भएको असामयिक दुःखद निधनले हामी अत्यन्त मर्माहत र स्तब्ध भएका छौं। आज उहाँको ५९ औं दिनको पुण्यतिथिमा पितृकार्य (पैय)को अवसरमा दिवंगत आत्माको चिरशान्तिको कामना गर्दै सुखवती भुवनमा प्रवेश पाउन भन्दै हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछौं । साथै शोकसन्तप्त परिवारजनप्रति धैर्यधारण गर्ने शक्ति भगवान बुद्धले प्रदान गरुन भनि प्रार्थना गर्दै हार्दिक समवेदना प्रकट गर्दछौं।

**सु. राम प्रसाद गुरुङ** — सचिव
तथा
**क्या. गम बहादुर गुरुङ** — अध्यक्ष

**सम्पूर्ण 1/4th गोर्खा राईफल्स (जेठी) /भू.पू. सैनिक संघ पोखरा**

# विगतमा तरकारी किनेर खानेले अहिले त्यसबाटै आम्दानी गर्दै

–हरि बास्तोला
**पोखरा, २३ भदौ (रासस)**

विगतमा जग्गा बाँझै राख्ने र तरकारी किनेर खादै आएका किसान अहिले भने त्यसबाटै आम्दानी गर्न थालेको छ।

विगतमा बजारमा तरकारी किनेर खाने गरेका पोखरा महानगरपालिका-१७ का बासिन्दा यतिखेर आफैले उत्पादन गरेको प्राङ्गारिक ताजा तरकारी उपयोग गर्दै आएका छन् । बढी भएका तरकारी बिक्री गर्दै उनीहरुले आम्दानी समेत लिन थालेका हुन्। गण्डकी प्रदेश सरकार मुख्यमन्त्री वातावरणमैत्री नमूना कृषिगाउँ कार्यक्रम लागू भएको बिरुवा फाँटको फेवा सिँचाइ नहरदेखि दक्षिणतर्फ महतगौंडा, लुमन्ति, लामातरा, प्रगतिटोल र दोविल्लालाई कृषि पकेट क्षेत्र घोषणा गरी प्लाष्टिक टनेल निर्माण, मौरीसहितका घार वितरण, खोर र भकारो सुधार कार्यक्रम गर्दै आएको मुख्यमन्त्री वातावरणमैत्री नमूना कृषिगाउँ इकाइका अध्यक्ष लक्ष्मण भण्डारीले जानकारी दिनुभयो।

उहाँका अनुसार पकेट क्षेत्रअन्तर्गत निर्मित ७९ वटा टनेलमा यतिखेर लटरम्म गोलभेडा फलेका छन् । टनेलभित्र दैनिक पाँचदेखि १० किलोसम्म गोलभेडा उत्पादन हुन्छ । बिक्री गरेर किसानले मासिक १० देखि १५ हजारसम्म आम्दानी गर्दै आएका छन्। "१२ मिटर लम्वाइ र ६ मिटर चौढाइको एउटा प्लाष्टिक टनेलले लगभग दुई आना जग्गा ओगटेको हुन्छ", उहाँले भन्नुभयो, "धानखेती गर्दा मुस्किलले दुई हजार मूल्य बराबरको १५ पाथी धान उत्पादन हुने जग्गामा मौसमी तथा बेमौसमी तरकारी खेतीबाट कृषकले वार्षिक रु एक लाखभन्दा बढी आम्दानी गर्न सफल भएका छन्।"

कार्यक्रमको पहिलो र दोस्रो वर्ष ३०। ३० र तेस्रो वर्ष १९ गरी कूल ७९ वटा टनेल निर्माण, ६५ वटा बाख्राका खोर र भकारो सुधार, नश्लसुधारका लागि रु ६५ हजार मूल्य बरावरको बोयर जातको एउटा बोका वितरण, १३० मौरीसहितका घार वितरण गरिएको उहाँको भनाइ छ । एक घर एक उत्पादनलाई जोड दिइएको वातावरणमैत्री नमूना कृषि कार्यक्रमबाट पहिलो वर्ष रु २५ लाख, दोस्रो र तेस्रो वर्ष रु १५। १५ लाख गरी कूल रु ५५ लाख अनुदान प्राप्त भएको र सोही बराबर किसानको समेत लगानी भएको छ । कार्यक्रमबाट पकेट क्षेत्र अन्तर्गतका २०९ घरपरिवार प्रत्यक्ष लाभान्वित भएको जानकारी दिँदै अध्यक्ष भण्डारीले एक परिवारलाई एउटा शीर्षकमा मात्र अनुदान उपलब्ध गराएको बताउनुभयो । नेटसहित फलामको फ्रेमबाट निर्मित टनेलमा पहिलो पटक रोपेका सिर्जना जातका गोलभेडाको बिरुवा फुल्न थालेका छन् । सोही टनेलभित्र लगाएको साग बिक्रीबाट रु १० हजार आम्दानी भएको महतगौँडाका कृषक नेत्रनाथ भण्डारीले राससलाई बताउनुभयो। असिना पानीले खासै असर नगर्ने र रोगले समेत सिधैँ आक्रमण गर्न नसक्ने हुँदा तापअनुकूलित उक्त टनेलबाट बाह्रै महिना उत्पादन लिन सकिने उहाँले बताउनुभयो । टनेल निर्माणका लागि नमूना कृषि कार्यक्रमबाट ७५ हजार अनुदान प्राप्त भएको थियो । कृषकले टनेलको बाहिर वरिपरिको जग्गा समेत उपयोग गर्न थालेका छन् । स्थानीय बासिन्दा रघुनाथ भण्डारीका अनुसार अनुदानबाट प्राप्त तीनवटा मौरीका घारमध्ये एउटामा उत्पादन दिन शुरु गरेको छ । उक्त घारबाट वार्षिक चार किलोग्राम मह उत्पादन भएपछि यतिखेर शुद्ध महको स्वाद लिन पाइएको छ । अन्य दुई घारले पनि उत्पादन दिने तयारीमा छन् । अखिल नेपाल किसान महासङ्घ कास्कीका अध्यक्षसमेत रहनु भएका उहाँले महिला तथा युवा वर्गलाई उत्पादनसँग जोड्न कार्यक्रम प्रभावकारी बनेको बताउँदै यस्ता उत्पादनमुखी कार्यक्रमको दीगोपनका लागि तीन तहका सरकार जिम्मेवार भएर लाग्नु विकल्प नभएको बताउनुभयो । तीनवटा प्लाष्टिक टनेल हुने हो भने गोलभेडा, साग, बन्दा, काउली, सिमी, धनीया, काक्रोलगायत विभिन्न जातका मौसमी तथा बेमौसमी तरकारी खेती गरेर मासिक रु ३० देखि ५० हजारसम्म आम्दानी गर्न सकिने उल्लेख गर्दै उहाँले यसले पर्यापर्यटनको वृद्धिसँगै कृषिको माध्यमबाट स्थानीय स्तरमा रोजगारी सिर्जनामा समेत टेवा पुग्ने बताउनुभयो । प्रदेशमा कृषि क्षेत्रको दिगो विकासका लागि जलवायु तथा वातावरणमैत्री प्रविधि र अभ्यासहरूको प्रयोग एवम् स्थानीय स्रोतसाधनको उचित व्यवस्थानमार्फत उत्पादन र गुणस्तर वृद्धि गर्ने लक्ष्यका साथ तीन वर्षदेखि सो कार्यक्रम सञ्चालन हुँदै आएको हो।

एक स्थानीय तह एक नमूना कृषि गाउँअन्तर्गत गण्डकी प्रदेशका ८५ स्थानीय तहमा सञ्चालित सो कार्यक्रम समुदायस्तरमा कृषि क्षत्रको वातावरणीय जोखिम न्यूनीकरण र ग्रामीण कृषक समुदायको दिगो खाद्य सुरक्षा सुनिश्चितत गर्दै गुणस्तरीय कृषि र पशुजन्य उत्पादनको वृद्धि तथा बजारीकरणमार्फत स्थानीय स्तरमा रोजगारीका अवसर सिर्जना गर्न कार्यक्रम प्रभावकारी बनेको बताइएको छ।

# बेगखोलामा सधैं जोखिम र सास्ती

**पोखरापत्र संवाददाता**
**म्याग्दी, २३ भदौ**

भदौ १९ गते शनिबार बेनीबाट घरतर्फ जाँदा अन्नपूर्ण गाउँपालिका-४ नारच्याङका ७८ वर्षीय सुर्जवीर पुन रघुगङ्गा गाउँपालिका-१ स्थित बेगखोलाले बगाएर बेपत्ता हुनुभयो।

पुन अझै बेपत्ता रहनुभएको जिल्ला प्रहरी कार्यालय म्याग्दीले जनाएको छ। बेनीबाट पाउरोटी लगेर गाउँमा बिक्री गरी जिविकोपार्जन गर्दै आउनुभएका पुन बेपत्ता भएको घटना बेगखोलाको जोखिम र सास्तीको अवस्था झल्काउने उदाहरण हो । राष्ट्रिय गौरबको कालीगण्डकी कोरीडोर अन्तरगत बेनी-जोमसोम-कोरला सडकको बेगखोलामा मोटरेबल र झोलुङ्गे पुल नहुँदा पैदलयात्रु र सवारी साधन जोखिम मोलेर आवत जावत गर्न बाध्य छन्। विस २०७३ भदौ १७ गतेको बाढीले बेलिब्रिज र झोलुङ्गे पुलसहित बेगखोलामा ११ वटा घर बगाएको थियो। एक जना बेपत्ता भएका थिए । बाढीले बगाएको ठाउँमा मोटरेबल र झोलुङ्गे पुल पुनःनिर्माण गर्न ढिलाइ हुँदा बर्खा याममा बेनी-जोमसोम यात्रा गर्ने नागरिकले झञ्जट ब्यहोर्नुपरेको अन्नपूर्ण गाउँपालिका-६ घारका सुबोध बरुवालले बताउनुभयो । बेनी-जोमसोम म्याग्दीको रघुगंगा गाउँपालिकाको तीन र अन्नपूर्ण गाउँपालिकाको सबै वडालाई सदरमुकाम बेनीसँग जोड्ने एक मात्र सडक मार्ग हो । " बाढीले सवारी साधन खोला तर्न नसकेपछि बिरामीलाई समयमै अस्पताल पुऱ्याउन समस्या भएको छ," बरुवालले भन्नुभयो "मोटरसाइकल बगाउने, गाडीका पाटपुर्जा बिग्रने समस्या त कति हो कति ?" कालीगण्डकीमा मिसिने बेगखोलामा लेकमा बर्खा हुँदा बाढी आउँछ । पाखा र ठाडा खोल्साको बाढी पनि यसैमा मिसिन्छ । बेगखोला र कालीगण्डकीको दोभानमा खोला वारपार गर्ने घाट छ। बेगखोलाको बाढीले खोला तर्ने क्रममा केही ट्याक्सी र मोटरसाइकल बगाएर कालीगण्डकीमा मिसाएको छ । बाढी आएको अवस्थामा स्काभेटरलाई पैसा तिरेर ' बकेट'मा बसेर मानिसहरु खोला वारपार गर्छन् । यसैगरी बेनी-जोमसोम सडक अन्तरगत म्याग्दीको अन्नपूर्ण -३ दाना स्थित रुप्सेखोलामा २०७७ साउन ५ गतेको बाढीले निर्माणाधिन मोटरेबल पुल बगाएको थियो। बेग र रुप्सेखोला मुस्ताङलाई राष्ट्रिय राजमार्गसँग जोड्ने बेनी-जोमसोम सडकको टाउको दुखाइको बिषय बनेको छ।

# तरकारी र फलफूल महँगियो

**पोखरापत्र संवाददाता**
**बागलुङ, २३ भदौ**

ढुवानी ठप्प हुँदा यहाँ तरकारी र फलफूल महँगिएको छ। पोखरा-बागलुङ सडक खण्डमा पहिराले बिहीबारदेखि यातायात सेवा अवरुद्ध भएपछि तरकारी र फलफूल ढुवानी गर्न सकिएको छैन।

व्यापारीले मनपरी मूल्य बढाएको उपभोक्ताको गुनासो छ । व्यवसायी भने दोब्बर भाडा तिरेर ढुवानी गर्नुपरेकाले मूल्य बढाउनु परेको बताउँछन्। स्थानीय किसानबाट खरिद गरेको तरकारी यसै पनि महँगो पर्ने गरेको उहाँहरुको गुनासो छ । एक साताअघि रु ६० पर्ने गोलभेँडा अहिले रु एक सय २० मा खरिद गर्नुपरिरहेको व्यवसायी नारायण सुवेदीले बताउनुभयो । "स्थानीय उत्पादन न्यून भएकाले खरिद महँगो पर्छ, अब त्यही पनि पाइन छाडेको छ", उहाँले भन्नुभयो। यहाँ पोखरा, चितवनलगायत ठाउँबाट तरकारी ल्याइने गरिन्थ्यो। स्थानीय उत्पादनले मात्र धान्न सक्ने स्थिति छैन। तरकारी आयात ठप्प भएपछि स्थानीय किसानले उचित मुल्य नपाएको व्यवसायी बताउँछन्। वर्षा याम सकिनै लाग्दा बजारमा तरकारी अभाव भएको छ । त्यहीँमाथि ढुवानी नै गर्न नसकिएपछि थप समस्या निम्तिएको छ । तीजमा उपभोक्ताले चाहेअनुसारको किनमेल गर्न पाएका छैनन्।

फलफूलको भाउ पनि छोइनसक्नु छ । व्यवसायी विजय आले बुटवलबाट गलकोटहुँदै फलफूल ढुवानी गर्नुपरिरहेकाले दोब्बर भाडा तिर्नुपरिरहेको बताउनुहुन्छ । एक किलो स्याउ रु तीन सयमा किन्नु परेको स्थानीयवासी उमाकुमारी पौडेलले बताउनुभयो । केही दिनअघिसम्म एक किलो स्याउको मूल्य रु एक सय ५० थियो। जिल्ला प्रशासन कार्यालयका प्रशासकीय अधिकृत सूर्यलाल विक व्यवसायीले मनपरी ढङ्गले मूल्य लिन नपाउने बताउनुहुन्छ। आजैदेखि बजार अनुगमन थालिएको उहाँको भनाइ छ । "अनुगमनका क्रममा बढी मूल्य लिएको पाइएमा व्यवसायीलाई कारबाही हुन्छ", विकले भन्नुभयो। प्रशासन, प्रहरी, बागलुङ नगरपालिका, उपभोक्ता मञ्चलगायत सरोकार भएका पक्ष मिलेर अनुगमन थालेका हुन्।

चाडबाडमा बजारमा वस्तुको मूल्य मनपरी लिने व्यवसायीको पुरानै प्रवृत्ति हो। यसैमाथि ढुवानी रोकिएको नाममा कृतिम अभाव सिर्जना गरेर मूल्य बढाउने व्यवसायी पनि यसबेला सक्रिय छन् । सडक सम्पर्क टुट्दा तरकारी/फलफूल मात्र होइन अन्य दैनिक उपभोग्य सामानको पनि अभाव भएको छ। इन्धनको ढुवानीसमेत रोकिएको छ।

**नेपाल सरकार**
**कृषि तथा पशुपन्छी विकास मन्त्रालय**
**पशु सेवा विभाग**
**राष्ट्रिय पशु प्रजनन कार्यालय**
**पोखरा, कास्की**
**गण्डकी प्रदेश, नेपाल**

## बोलपत्र स्वीकृति गर्ने आशयको सूचना

**सूचना प्रकाशित मिति २०७८।०५।२४ गते**

**यस कार्यालय तथा विभिन्न शाखाहरूमा आवश्यक पर्ने उत्पादन तथा सरसफाइजन्य सामाग्रीहरूको खरिद तथा आपूर्ति सम्वन्धी ठेक्का नं. NLBO/NCB/G/2078–79/04 को लागि प्राप्त सात वटा बोलपत्रहरु मध्ये तपसिलको बोलपत्रदाताको बोलपत्र छनौट हुने भएकोले सार्वजनिक खरिद ऐन २०६३ का दफा २७ को उपदफा २ को प्रयोजनको लागि उक्त बोलपत्रसँग सम्वन्धित सबै बोलपत्रदाताहरुको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।**

**तपशिल**

| क्र. सं | विवरण | छनौट भएको बोलपत्रदाता | कबोल रकम मु.अ.कर वाहेक |
|---|---|---|---|
| १ | Supply and Delivery of Different Production and Cleaning Goods (NLBO/NCB/G/2078–79/04) | Winner Traders Concern, Bhaktapur | 12,93,650.00 |

आयो टप्प टिप्यो लग्यो मिति पुग्यो, टारेर टर्दैन त्यो।
इन्द्रै विन्ति गरुन् झुकेर पदमा, त्यो विन्ति मान्दैन त्यो ॥

## हार्दिक समवेदना



**जन्मः**
**वि.स. १९९५/०१/१७ गते**

**स्वर्गारोहणः**
**वि.स. २०७७/०३/१७ गते**

**स्वः बिल बहादुर गुरुङ**

सावविक मौजा गा.वि.स. मौजागाउँ, हाल पोखरा महानगरपालिका वडा नं.२० घर भई कमलपोखरी मार्ग टोल विकास संस्था पोखरा-१३ बस्दै आउनु भएका यस संस्थाका सदस्य **बिल बहादुर गुरुङ** को ८२ वर्षको उमेरमा असामयीक निधन भएको आज पितृकार्यको अवसरमा दिवंगत आत्माको चिरशान्तिको कामना गर्दै हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछौं। साथै शोकसन्तप्त परिवारजनप्रति धैर्यधारण गर्ने शक्ति भगवानले प्रदान गरुन् भनी कामना गर्दै हार्दिक समवेदना व्यक्त गर्दछौं।

**सु. ईन्द्रबहादुर गुरुङ**
**अध्यक्ष एवं**
**कमलपोखरी मार्ग टोल विकास संस्था परिवार**
**पोखरा-१३**

आयो टप्प टिप्यो लग्यो मिति पुग्यो, टारेर टर्दैन त्यो।
इन्द्रै विन्ति गरुन् झुकेर पदमा, त्यो विन्ति मान्दैन त्यो ॥

## हार्दिक श्रद्धाञ्जली



**जन्मः**
**वि. सं. १९९८**

**स्वः लक्ष्मीदेवी श्रेष्ठ**

**स्वर्गारोहणः**
**वि.स. २०७८/०५/१२ गते**

हाम्रा परम मित्र दिनेश श्रेष्ठका ममतामयी माता **लक्ष्मीदेवी श्रेष्ठ**को असामयीक निधनले हामी अत्यन्त मर्माहत एवम् स्तब्ध भएका छौं। उहाँको निधन भएको आज १३ औं दिनको पुण्य तिथिमा दिवंगत आत्माको चीरशान्तिको कामना गर्दै भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछौं। यस दुःखद घडीमा शोकसन्तप्त परिवारजनप्रति धैर्यधारण गर्ने शक्ति भगवानले प्रदान गरुन् भनि हार्दिक समवेदना प्रकट गर्दछौं।

| | | | |
|---|---|---|---|
| राजेन्द्र शाक्य | पोखरा-१ | विमल बडगामी | पोखरा-१ |
| बुद्धि गुरुङ | पोखरा-२ | सिद्धिभक्त श्रेष्ठ | पोखरा-१ |
| राजेन्द्र प्रधान | पोखरा-१ | कमल श्रेष्ठ | पोखरा-१ |
| साहारा प्रधान | पोखरा-१ | हरि प्रधान | पोखरा-१ |
| विमलमान गुभाजू | पोखरा-१ | | |